प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## प्रेस विज्ञप्ति

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची र हेलम्बु क्षेत्रमा मिति २०७८।०३।०१ गते गएको भिषण बाढी पहिरोमा प्रदेश सरकार, बागमती प्रदेशको तर्फबाट मिति २०७८।०३।०२ गते माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी तत्कालको खाद्यान्न व्यवस्थापनको लागि आवश्यक खाद्य सामग्री पठाउने निर्णय भएको र सोही बमोजिम बागमती प्रदेश प्रहरी कार्यालयसँगको समन्वयमा मिति २०७८।०३।०२ गते काभ्रेपलाञ्चोकबाट खाद्यान्न सामग्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा पठाइएको छ।

प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरण र आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूहरूबाट तत्काले प्रभावित स्थलको स्थलगत भ्रमण गर्नु भई कार्यस्थलमा अहोरात्र खटिने सुरक्षाकर्मी र अन्य राष्ट्रसेवकहरूको मनोवल बढाउने कार्य भएको छ।

सोही बैठक निर्णयानुसार मनसुनी वर्षाका कारण सम्भावित विपद्का घटनाहरूलाई मध्येनजर गरी प्रदेश अन्तर्गतका सबै सुरक्षा निकायहरू उच्च सतर्कतामा रही खोज, उद्धार एवम् राहत वितरण कार्यमा तदारुकताका साथ खट्न र सर्वसाधारणलाई सतर्क रहन आग्रह गरिएको छ। प्रदेश विपद् व्यवस्थापन कोषमा रू १० करोड रकम थप गर्ने निर्णय भएको छ।

मनसुनबाट हुने क्षति रोकथाम एवम् उद्धारका लागि प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र अन्तर्गत गोदामघरमा भएका उद्धार सामग्रीको मौज्दातबाट बागमती प्रदेश प्रहरी कार्यालयसँगको समन्वयमा धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा जिल्लाका जिल्ला प्रहरी कार्यालयहरूलाई न्यूनतम उद्धार सामग्रीहरू पठाइएको छ।

तत्काल ५० थान टेण्ट, १०० थान त्रिपाल र स्वास्थ्य सामग्रीहरू पठाइएको छ। त्यहाँको आवश्यकताको आधारमा थप सहयोग गर्न प्रदेश सरकार तयारी अवस्थामा रहेको सम्बन्धित सम्पूर्ण महानुभावहरूमा जानकारी गराउँदै आवश्यक सतर्कता अपनाउन अनुरोध गरिन्छ।

मिति २०७८/०३/०५

२०७८।३।५

(नारन प्रसाद पोखरेल)
प्रवक्ता/ उपसचिव